सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ

# आ.व. ०७७/०७८ को आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।७।३

दोस्रो पटक प्रकाशित मिति : २०७७।०८।०१०

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ को घ (६) तथा प्रदेश आर्थिक ऐन २०७७ को दफा ९ (१) को अनुसूची ५ मा भएको व्यवस्था र सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०७७ को दफा १६ को व्यवस्था अनुसार सिद्धलेक गाउँपालिकाको आन्तरिक आय संकलन ( ठेक्कावन्दोवस्त) सम्वन्धी कार्यविधि २०७५, राजश्व परामर्श समितिको सिफारिस अनुसार गाउँकार्यपालिकाको मिति २०७७।६।२५ को निर्णय अनुसार आर्थिक वर्ष २०७७।०७८ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्कावन्दोवस्त गर्नु पर्ने भएकोले गाउँपालिकाबाट तोकिएको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित तपसिलका खोलानदीनाला तथा खानी क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, गिट्टि, बालुवा, रोडा, ग्राभेल, भट्टामा प्रयोग हुने माटो, चिप्सको कर तथा शुल्क संकलन कार्यको ठेक्कावन्दोवस्त गर्नु पर्ने भएकाले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्यअभिवृद्धिकर दर्ता प्रमाण पत्र, कारवाही वा कालो सूचीमा नपरेको स्वघोषणा पत्र, आर्थिक वर्ष २०७६।०७७ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको प्रमाण पत्र र अख्तियार नामाको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशील बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण वोलपत्र फाराममा उल्लेख भएको व्यहोरा सूचित गरिन्छ ।

तपशील

| सि. नं. | वोलपत्रनं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एव स्वीकृत दररेट | आ.व. ०७७/७८ का लागि कायम वार्षिक न्यूनतम अंक(मु.अ. कर वाहेक) | संकलन गर्न पाउने अधिकतम परिमाण | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | आ.आय ३।०७७/०७८ | ढुङ्गा, गिट्टी, वालुवा,वेस,चिप्स, भट्टामा प्रयोग हुने माटो, क्रसरवाट निस्केको धूलो, शुल्क संकलन कार्य, | बिक्रीशुल्क ढुगा, गिट्टी,वालुवा, रोडा, ग्राभेल,प्रति क्यू फिट ९।०० (नौ रुपैया) | रु३,०२००,०००।- (तीर्न करोड दुई लाखमात्र) | खोला,क्रसर,वालुवा धुने उद्योगहरु समेत गरी जम्मा३३,५५,५५५।५ घन फिट - गाउँपालिका भित्रका अन्य क्षेत्रबाट उत्खनन तथा निकासी हुने प्राकृतिक स्रोतमा समेत | ५०००।- | ठेक्का रकमको ५ प्रतिशत |

❖ ठेक्क सम्वन्धी शर्त तथा विस्तृत विवरण यस कार्यालयको website www.siddhalekmun.gov.np मा हेर्न सकिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु

१. वोलपत्रदाताले वोलपत्र सम्वन्धी कागजातहरु यस सिद्धलेक गाँउपालिकाको कार्यालयमा कार्यालयको समय भित्र खरिद गरी पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. तोकिएको वोलपत्र दस्तुर यस कार्यालयको नाममा कुमारीवैंक वुड्चुङ शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१००००५ मा जम्मा गरेको भौचरलाई वोलपत्र सम्वन्धी कागजात साथ संलग्न गर्नु पर्ने छ ।

३. वोलपत्रदाताले धरौटी वापत कवोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रहेको कुमारी वैंक वुड्चुङ स्थित शखामा रहेको धरौटी खाता नं. ०८१००३५१२४६००००१ मा जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा वोलपत्र नं. र नाम उल्लेख गरी वोल पत्र पेश गर्ने अन्तिम मितिवाट कम्तीमा १२० दिनम्याद सहित जारी गरिएको विडवण्ड पेश गर्नु पर्ने छ ।

४. वोलपत्रदाताले यो सूचना प्रकाशित मितिले १६ औं दिन (२०७७।८।२५ गते) दिनको १२:०० वजे भित्र वोलपत्र पेश गर्नु पर्ने छ र दाखिला हुन आएका वोलपत्रहरु सोही दिनको दिनको २: ०० वजे निजको प्रतिनिधिहरुको रोहवरमा यस सिद्धलेक गाउँपालिकाको कार्यालयमा खोलिने छ । साथै वोलपत्रदाता वा निजको प्रतिनिधि वोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुने छ ।

५. ठेक्काअवधि २०७७ असार मसान्त सम्म हुने छ ।

६. वोलपत्र सम्वन्धी फारम भर्दा कवोल रकम अनुसार अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. वोलपत्र स्वीकृत भएपश्चात ठेक्काअंकको ३०% ले हुन आउने रकम यस कार्यालयको कुमारी वैंक वुड्चुङ स्थित शाखमा रहेको आन्तरिक राजश्व खाता नं. ०८१००३५१२३१००००५ मा जम्मा गरेको सक्कल भौचर र ठेक्का अंकको वुझाउन वाँकी ७०% ले हुन आउने रकमको ठेक्का सम्झौता मितिले कम्तीमा १३ महिना म्याद भएको मान्यता प्राप्त वैंक वा वित्तीय संस्थावाट यस कार्यालयको नाममा जारी गरिएको वैंक जमानतको (परफरमेनस वण्ड) सक्कलप्रति सम्झौताको वखत पेश गर्नु पर्ने छ । धरौटी (विड वण्ड) वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त वैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजातहरु पेश गरि सकेपछि प्रचलित ऐन वमोजिम फिर्ता गरिने छ ।

८. वोलपत्र सम्वन्धी विस्तृत जानकारी वोलपत्र सम्वन्धी फारममा उल्लेख गरिएको हुँदा सोही फारामावाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. कर दस्तुर शुल्क दर लगायत अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून वमोजिम वुझाउनु पर्ने कर दस्तुर शुल्क आदि सवै ठेकेदार स्वयम्ले सम्वन्धित निकायमा वुझाउनु पर्ने छ । सो वापत वुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमवाट कट्टा गर्न पाइने छैन ।

१०. ठेक्का सम्वन्धी एकमुष्ट रकम एकैपटक दाखिला हुन आएमा कवोल अंकको १५% रकम छुट दिइनेछ ।

११. यसमा उल्लेख गरिएको कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुने छ ।

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुड्चुङ बागमती प्रदेश

नि. प्रमुख प्रशासकीय अधिकृत